मितिः २०८०।०९।१५

समय : दिउँसो ११:०० बजे

स्थान : गुठिचौर गाउँपालिका जुम्ला

माथि उल्लेखित मिति, समय र स्थानमा गुठिचौर गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर बुढा ज्यूको अध्यक्षतामा कार्यपालिका बैठक बसी निम्न निर्णयहरु गरियो।

**तपशिल**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर बुढा | गाउँपालिका अध्यक्ष | |
| २ | श्री शान्ति कुमारी मल्ल भण्डारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री अर्जुन कुमार महतारा | वडा नं १ वडा अध्यक्ष | |
| ४ | श्री दिप बहादुर ऐडी | वडा नं २ वडा अध्यक्ष | |
| ५ | श्री इन्द्र बुढा | वडा नं ३ वडा अध्यक्ष | |
| ६ | श्री टिकादत्त न्यौपाने | वडा नं ४ वडा अध्यक्ष | |
| ७ | श्री कमल बहादुर महत | वडा नं ५ वडा अध्यक्ष | |
| ८ | श्री देउराम नेपाली | कार्यपालिका सदस्य | |
| ९ | श्री गोइलु कामी | कार्यपालिका सदस्य | |
| १० | श्री बास्मती कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री नन्दरुपा न्यौपाने | कार्यपालिका सदस्य | |
| १२ | श्री बसन्ती बुढा | कार्यपालिका सदस्य | |
| १३ | श्री ध्रुवराज गिरी | सदस्य सचिव | |
| **सहयोगि कर्मचारीहरु** | | | |
| १ | श्री गंगा प्रसाद पाण्डे | अधिकृत छैटौं | |
| ५ | श्री प्रेम बहादुर शाही | कम्प्युटर अपरेटर | |
| ६ | श्री जयराज कुमाई | लेखा सहायक | |
| ७ | श्री धनराज देवकोटा | का स | |

**प्रस्तावहरु:**

१. आर्थिक वर्ष २०८०।०८१ को लागि १५ औं गाउँसभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रम रकमान्तर र शिर्षकान्तर सम्बन्धमा।

२. गुठिचौर गाउँपालिकाको १७ औं हिउँदे गाउँ सभा सम्बन्धमा।

३. गुठिचौर गाउँपालिकाका विभिन्न कार्यविधिहरु सम्बन्धमा।

४. आर्थिक वर्ष २०८१।०८२ को लागि अनुमानित बजेट पेश सम्बन्धमा।

५. प्रमुख प्रशासकीय अधिकृतको म्याद थप सम्बन्धमा।

६. कार्यालय विविध।

**निर्णयहरु:**

**निर्णय नं. १:** प्रस्ताव नं. १ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को लागि स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गतका तपशिलका योजनाहरुमा बिनियोजित बजेटबाट शिर्षकान्तर गरि एक जनतासँग उपाध्यक्ष कोष खडा गरी सो कोषबाट उपाध्यक्ष ज्यूले वडा नं १ देखि ५ सम्मका आवश्यक योजनाहरुमा बिनियोजन गर्ने गरि स्वीकृतिका लागि १७ औं हिउँदे गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

तपशिल

| सि. नं. | आ व २०८०।०८१ मा स्वीकृत कार्यक्रम | बिनियोजित बजेट | शिर्षकान्तर/रकमान्तर गरिएका शिर्षक | रकमातर/शिर्षकान्तर गरिएको बजेट |
|---|---|---|---|---|
| १ | रैथानेबाली घेरावार डिल्लीकोट वडा नं १ | ७००००० | जनतासँग उपाध्यक्ष कोष | २००००० |
| २ | सिर्जनसिल युवाक्लब वडा नं २ | १५०००० | जनतासँग उपाध्यक्ष कोष | १००००० |
| ३ | हिमाली रम्बा आवासिय विद्यालय शैक्षिक अनुदान | २५५००० | जनतासँग उपाध्यक्ष कोष | १००००० |
| | | | प्रहरी चौकी मणिसाँघु र चोत्रा व्यवस्थापन | २०००० |
| ४ | वडा नं २ विपद् व्यवस्थापन | ५००००० | जनतासँग उपाध्यक्ष कोष | १००००० |
| ५ | लाग्न खानेपानी निर्माण वडा नं ३ | ५००००० | जनतासँग उपाध्यक्ष कोष | ४००००० |
| ६ | सत्यावादी मा वि शिक्षक अनुदान | १२१५००० | जनतासँग उपाध्यक्ष कोष | ४००००० |
| ७ | कार्यालय व्यवस्थापन तथा मर्मत संभार वडा नं ५ | ३००००० | जनतासँग उपाध्यक्ष कोष | ३००००० |
| ८ | दोचालगाड सिँचाइ कुलो | ८१६०००० | जनतासँग उपाध्यक्ष कोष | २१००००० |
| ९ | दलित स्वास्थ्य विमा | १२७५००० | जनतासँग उपाध्यक्ष कोष | ४००००० |
| १० | म्याचिङ्ग फोण्ड | १२७५०००० | जनतासँग उपाध्यक्ष कोष | ४००००० |
| जम्मा रकम | | | जनतासँग उपाध्यक्ष कोष | ४५००००० |
| १ | भैपरि पूँजिगत | ५००००० | मणिसाँघु काठेपुल निर्माण गुठिचौर १ जुम्ला | १००००० |
| | | | वडा नं १ कार्यालय घेरवार तथा मर्मत गत आ व को | १५०००० |

| | | | | |
|---|---|---|---|---|
| | | | भुक्तानी दिन बाँकी | |
| | | | गुठिचौर १ चोत्र निवासी तेजाङ्मु महतारा बुढालाई आर्थक सहयोग | ६०००० |
| | | | वडा नं १ मनिगाउँ निवासी बली बहादुर रोकायालाई आर्थिक क्यान्सर रोगको लागि सहयोग | ४०००० |
| | | | रुपेश देउती मन्दिर निर्माण गुठिचौर ४ जुम्ला | १००००० |
| | | | वडा सदस्य तिर्थ बुढालाई उपचार खर्च सहयोग | ५०००० |
| २ | वडा नं ४ का वासिन्दाको लागि नुन व्यवस्थापन | २००००० | वडा नं ४ का वासिन्दाको लागि नुन व्यवस्थापन | १००००० |
| | | | वडा नं ४ को लागि ल्यापटप खरिद तथा प्रिन्टर र डेक्सटप मर्मत | १००००० |
| ३ | वडा नं ४ म्याचिङ्ग फोण्ड | ४००००० | श्री सत्यवादी मा वि शैक्षिक सत्र २०८०।०८१ मा एस इ इ दिने अध्ययनरत विद्यार्थिको लागि ट्यूसन फि | ५०००० |
| ४ | बिगारे तिला नदि ग्याविन गुठिचौर ४ | ११५००० | बिगारे तिला नदि ग्याविन गुठिचौर ५ | ११५००० |
| ५ | तिलानदि बगडे खेत नजिक तटबन्ध निर्माण गुठिचौर ४ | २००००० | तिलानदि बगडे खेत नजिक तटबन्ध निर्माण गुठिचौर ५ | २००००० |
| ६ | सिपमूलक कार्यक्रम तथा तालिम वडा नं ५ | २००००० | आकस्मिक चालु खर्च वडा नं ५ | २००००० |
| ७ | सुनारगाउँ मस्ट थान मन्दिर निर्माण फोइ वडा नं ५ | १००००० | सुनारगाउँ मस्ट थान मन्दिर निर्माण देपालगाउँ वडा नं ५ | १००००० |
| ८ | देपालगाउँ गिरीवाडा बाटो निर्माण गुठिचौर ५ जुम्ला | २००००० | हेग्ग्राथान पर्खाल घेरवार गुठिचौर ५ जुम्ला | २००००० |
| ९ | | | | |

**निर्णय नं.२:** प्रस्ताव नं. २ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिका अन्तर्गत विभिन्न समयमा बसेको गुठिचौर गाउँपालिकाको विधान समितिबाट छलफल भई पास भई आएका तपशिलका कार्यविधिहरु आजको कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो।

**तपशिल**

१. गुठिचौर गाउँपालिकाको भवन निर्माण तथा नक्सापास सम्बन्धी कार्यविधि, २०८०

२. गुठिचौर गाउँपालिकाको खर्च व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८०

३. प्राविधिक कर्मचारीहरुको फिल्डभत्ता सुविधा सम्बन्धी कार्यविधि, २०८०

४. भूकम्पीय जोखिम

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ मा छलफल गर्दा राष्ट्रीय योजना आयोगले आर्थिक वर्ष २०८१।०८२ का लागि उपलब्ध गराउने समपूरक र विशेष अनुदानका लागि तपशिलका योजनाहरु माग गर्ने निर्णय गरियो।

तपशिल

| क्र. सं | आयोजना/योजनाको नाम | योजना स्थल | अनुमानित लागत | आयोजनाको प्रकृति |
|---|---|---|---|---|
| १ | दानसाँघुदेखि गुठिचौर गाउँपालिका कार्यालय सम्म कालोपत्रे सडक निर्माण | गुठिचौर गाउँपालिका ४ जुम्ला | १०००००००० (दश करोड) | संघीय समपूरक अनुदान |
| २ | षोषण मैत्री स्थानीय तह घोषणाका लागि बहुक्षेत्रीय पोषण सेवा विस्तार कार्यक्रम क्रमागत | गुठिचौर गाउँपालिका जुम्ला | २५०००००० (दुई करोड पचास लाख) | संघीय विशेष अनुदान |

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिकाले आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत गाउँपालिका अन्तर्ग आई इ इ शिर्षकमा बिनियोजित बजेट रु ११७५००० (एघार लाख पचहत्तर हजार) मध्येबाट तपशिलका स्थानहरुको संक्षिप्त वातावरणीय प्रभाव अध्यायन गर्ने र गुठिचौर गाउँपालिकाको गुठिचौर पर्यटकीय गुरु योजना निर्माण कार्यका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने  निर्णय गरियो।

**तपशिल**

| क्र. सं. | अध्यायन गर्ने स्थानको नाम | कैफियत |
|---|---|---|
| १ | लाग्नदेखि ठाकुर ज्यू सम्म पर्यटकीय सडक निर्माण गुठिचौर २ र ३ जुम्ला | |
| २ | चोत्रभित्रखोल, चौंरीफर्म हुँदै कान्जिरुवा हिमाल सम्म पर्यटकीय सडक | |

**निर्णय नं. ५:** निर्णय नं ५ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिका वडा नं. ३ मा रहेको श्री देउराली आधारभून विद्यालयको नामाकारणका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको प. सं. २०७९।०८०, च. नं. ९४८ र मिति २०८०।०३।११ गतेको प्राप्त पत्र बमोजिम उक्त विद्यालय निर्माणका लागि  गुठिचौर गाउँपालिका वडा नं ३ निवासी श्री भिम बहादुर भण्डारीले २४३३ वर्ग मिटर जग्गा मालपोत कार्यालय जुम्लाबाट विद्यालयको नाममा रजिष्ट्रेसन पास गराउनु भएकोले उक्त जग्गाको मूल्य रु १०००००० (अक्षरुपी दश लाख) भन्दा बढि भएकोले उक्त जग्गादाताको नाम विद्यालयको नामसँग जोडी राख्ने प्रावाधान भएको हुँदा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड (ज) को उपखण्ड

(८)बमोजिम र शिक्षा नियमावली २०५९ को नियम १५४ को उपनियम ३ बमोजिम उक्त विद्यालयको नामा श्री देउराली भिम पार्वती आधारभूत विद्यालय गुठिचौर ३ जुम्ला कायम गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:** निर्णय नं ६ मा छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत वडा नं. २ म्याचिङ्ग फोण्ड शिर्षकमा बिनियोजित बजेट रु ५०००००(पाँच लाख) मध्येबाट तपशिलका योजना तथा कार्यक्रममा बिनियोज गरी हिउँदे गाउँसभाबाट अनुमोदन गराउने निर्णय गरियो।

तपशिल

| सभाबाट बिनियोजित बजेट | बजेट बिनियोजित शिर्षक | रकमान्तर गरिएको शिर्षक | बिनियोजित बजेट |
|---|---|---|---|
| ५००००० | म्याचिङ्गफोण्ड वडा नं २ | चिन्तशिल युवा क्लब गुठिचौर २ कुँडी कोल्ले जुम्ला | ३००००० (तीन लाख) |
| | | वडा नं २ का वडा अध्यक्षको लागि मोटरसाइकल खरिद | १०००००(एक लाख) |
| ५००००० | वडा विपद् व्यवस्थापन | वडा कार्यालय सोलार खरिद | १००००० (एक लाख) |

**निर्णय नं. ७**: प्रस्ताव नं. ७ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिका वडा नं ४ वडा विपद् व्यवस्थापन शिर्षकमा बिनियोजित बजेट रु ४००००० (चार लाख)बाट यस गुठिचौर गाउँपालिका वडा नं ४ का फुटबल खेलाडीहरुलाई खेल व्यवस्थापन सम्बन्धी खर्चका लागि रु ५०००० (पचास हजार) दिने निर्णय गरियो।

**निर्णय नं. ८:** प्रस्ताव नं. छलफल गर्दा गुठिचौर गाउँपालिकाको वडा नं ४ को म्याचिङ्गफोण्ड शिर्षकमा बिनियोजित बजेट मध्येबाट रु ५००००(पचास हजार) स्थानीय संस्कृत संरक्षणका लागि हिउँदे भैली कार्यक्रमका लागि धवलपुरा वस्तीका सांस्कृतिक टोलीलाई उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ९:** निर्णय नं ९ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत नरालो व्यवस्थापन शिर्षकमा बिनियोजित रकम रु ३२०००० (तीन लाख बीस हजार) मध्येबाट रु ११०००० (एक लाख दश हजार) र वडा विपद् व्यवस्थापन शिर्षकमा बिनियोजित बजेट ४००००० (चार लाख) मध्येबाट ४००००(चालीस हजार) गरि जम्मा १५००००(एक लाख पचास हजार) खलालवाडा भैंयार थान निर्माण योजनाका लागि बिनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १०:** निर्णय नं. १० मा छलफल गर्दा यस गुठिचौर गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत सत्यवादी मा वि शिक्षक अनुदान शिर्षकमा बिनियोजित रकम रु १२१५००० (बाह्र लाख पन्ध्र हजार) मध्येबाट रु ५०००० (पचास हजार) गुठिचौर गाउँपालिका वडा नं ४ बिगारेको रुपेश मन्दिर निर्माण योजनाका लागि बिनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ११:** निर्णय नं ११ मा छलफल गर्दा गुठिचौर गाउँपालिका वडा नं २ कोल्ते स्थित श्री आधारभूत विद्यालय कुडी जुम्लाका लागि सोही वडा नं २ निवासी गणेश बोहोरा र विष्णुमाया बोहोराले कित्ता नं ११४ को ४०० वर्ग मिटर जग्गा निशुल्क मालपोत कार्यालय जुम्लामा गई रजिष्ट्रेसन पास विद्यालयलाई गर्न मञ्जुरभई मिति २०८०।०९।०८ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकबाट निर्णय भई

कार्यपालिका बैठकमा पेश हुन आएकाले उक्त विद्यालयको लागि आवश्यक पर्ने कित्ता नं ११४ को ४०० वर्ग मिटर क्षेत्रफलको जग्गा प्राप्तिका लागि नियम अनुसार प्रक्रिया अगाडी बढाउनका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं.१२:** निर्णय नं १२ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिकाबाट आर्थिक वर्ष २०८०।०८१ बाट स्वीकृत लाग्न खानेपानी निर्माण गुठिचौर ३ योजनाका लागि बिनियोजित बजेट रू ५००००० (पाँच लाख) मध्येबाट रु १००००० (एक लाख) लम्पीस्किन रोग निवारणका लागि बिनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**: निर्णय नं १३ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को लागि संघीय सरकारबाट विशेष अनुदानका लागि प्राप्त बजेट रु १०००००००० (एक करोड) बाट विशेष अनुदान कार्यक्रम अन्तर्गत सामुदायिक पोषण स्वयम् सेवक १ (एक) जना प्रमुख प्रशासकीय अधिकृतले नियम अनुसार प्रक्रिया अगाडी बढाई करार सेवामा सम्झौता गरी राख्न अनुमती दिने निर्णय गरियो।

**निर्णय नं.१४:** निर्णय नं १४ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिकाको वडा नं २ मा मिति २०८०।०३।१० गते परेको अविरल वर्षाका कारण तिला नदि थुनिन गई ठूलो धनजनको क्षति भएको हुँदा उक्त थुनिएको नदि खोल्नका यस गाउँपालिकाको विशेष अनुरोधमा अमित निर्माण सेवा प्रा. लि. च. ना. न. पा. ५ जुम्लाको उक्त विपद् प्रयोजनको लागि हेभी डोजर प्रयोग भएको वापतको २३ घण्टा बराबरको जिल्ला दर रेट अनुसार प्रति घण्टा ७८७५ (सात हजार आठ सय पचहत्तर) का दरले हुन आउने भ्याट सहितको रकम रु २७००० (दुई लाख सात हजार) गाउँपालिकाको विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १५:** निर्णय नं १५ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिकाबाट स्वीकृत कार्यक्रम अन्तर्गत दलित स्वास्थ्य विमा शिर्षकमा बिनियोजित बजेट रु १२७५०००(बाह्र लाख पचहत्तर हजार) बिनियोजन भएको हुँदा उक्त बजेट यथासिघ्र कार्यान्वयन गर्नेका लागि सम्बन्धित निकायलाई पत्राचार गर्ने गराउने निर्णय गरियो।

**निर्णय नं. १६:** निर्णय नं १६ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिकाको आ व २०८०।०८१ मा स्वीकृत हिमाली रम्बा आवासीय विद्यालय शैक्षिक अनुदान शिर्षकमा बिनियोजन भएको रु २५५००० (दुई लाख पचपन्न हजार)बाट रु १०००००(एक लाख) लम्पिस्किन रोग नियन्त्रणका लागि बिनियोजन गर्ने निर्णय गरियो।